कमलामाई नगरपालिका
KAMALAMAI MUNICIPALITY
# नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
सिन्धुलीमाढी, सिन्धुली
SINDHULIMADI, SINDHULI

बागमती प्रदेश, नेपाल
BAGMATI PROVINCE, NEPAL

प.सं.:- २०७८/०७९
च.नं. :- ३६९४

मिति : २०७८/११/१२

विषयः प्रस्तावपत्र पेश गर्ने सम्वन्धमा ।

**कमलामाई नगरपालिका सिन्धुली भित्र रहेका सरकारी तथा गैर सरकारी संघ संस्थाहरू**
**(विशेष गरी अपाङ्गताको क्षेत्रमा काम गर्ने)**

प्रस्तुत विषयमा कमलामाई नगरपालिका भित्र अपांगता भएका बालबालिकाहरुका लागि दिवासेवा केन्द्र (स्रोत कक्षा) सञ्चालन गरी त्यस्ता बालबालिकाहरुलाई सहजरुपमा पढ्ने अवसर प्राप्त गराउन तपसिल अनुसारका न्यूनतम शर्तहरु पालना गर्ने गरी १५ दिन भित्र इच्छुक संघ संस्थाले प्रस्तावपत्र पेश गर्नुहुन अनुरोध छ ।

तपसिल

क) संस्था दर्ता ऐन २०३४ बमोजिम संस्था दर्ता भई कार्य गरेको ५ वर्ष हुनुपर्ने,

ख) संस्थाको पदाधिकारीहरुमा अपाङ्गताका १० वर्ग मध्ये न्यूनतम २ वटा वर्गको अपाङ्गता भएका व्यक्ति पदाधिकारी हुनुपर्ने । (१० वर्गः १. शारिरिक अपाङ्गता २. दृष्टि सम्वन्धि अपाङ्गता (दृष्टिविहिन, न्यूनदृष्टि) ३. सुनाई सम्वन्धि अपाङ्गता (बहिरा, सुस्तश्रवण) ४. श्रवणदृष्टिविहिन अपाङ्गता ५. स्वर र बोलाई सम्वन्धि अपाङ्गता ६. मानसिक वा मनोसामाजिक अपाङ्गता ७. बौद्धिक अपाङ्गता ८. हेमोफिलिया अपाङ्गता ९. अटिज्म अपाङ्गता १०. बहुअपाङ्गता)

ग) संस्थाले भविष्यमा समेत दिवा सेवा केन्द्र स्थापना गरी सञ्चालन गर्न आर्थिक श्रोत जुटाई निरन्तर सञ्चालन गर्न सक्ने भनी प्रतिबद्धता पत्र र निर्णय ।

घ) दिवा सेवा केन्द्र सञ्चालन गर्न अपाङ्गतामैत्री, बालमैत्री कक्षाकोठा र शौचालयको व्यवस्था गरेको हुनुपर्नेछ । साथै स्वच्छ खानेपानी, विजुली र सडकको सुविधा भएको हुनुपर्नेछ ।

ङ) शिक्षक/सहजकर्ता र अन्य आवश्यकता अनुसारको कर्मचारी संस्था स्वयम्ले व्यवस्थापन गर्नुपर्नेछ ।

च) दिवासेवा केन्द्रमा १ जना सामान्य प्राथमिक उपचार सम्वन्धी ज्ञान भएको व्यक्ति, १ जना सामान्य थेरापि सम्वन्धी ज्ञान भएको व्यक्ति, १ जना संगित सम्वन्धी ज्ञान भएको व्यक्ति(न्यूनतम मादल, बाँसुरी, तबला र हार्मोनियम बजाउन सक्ने), १ जना नृत्य, योग र चित्रकला सम्वन्धि सामान्य ज्ञान भएको व्यक्तिको व्यवस्था भएको हुनुपर्नेछ । (संस्थामा माथि तोकिएका व्यक्ति उपलब्ध नभएमा बाहिरका व्यक्तिलाई काममा लगाउने सुनिश्चितता सहितको कार्य सम्झौता हुनुपर्ने)

छ) संस्था आ.व. २०७८।०७९ सम्म जिल्ला प्रशासन कार्यालयमा नविकरण भएको हुनुपर्नेछ ।
संस्थाले देहाय अनुसारका कागजातहरु समेत पेश गर्नु पर्नेछः

| सि.नं. | पेश गर्नु पर्ने कागजातहरू |
|---|---|
| १ | प्रस्तावना पत्र साझेदारीमा कार्य गर्न उल्लेख भएको हुनुपर्ने |
| २ | संस्था दर्ता प्रमाण पत्र, समाज कल्याण परीषद् आवद्धता, कर चुक्ता प्रमाणपत्र |
| ३ | संस्थाको विधान (उद्देश्यमा दिवा सेवा केन्द्र सञ्चालन गर्ने भनी किटानी भएको हुनुपर्ने) |

प्रमुख प्रशासकिय अधिकृत

"स्वच्छ, सफा र समृद्ध शहर, हिमाल र तराईको मिलनविन्दु कमलामाई नगर"

फोन नं : ९७७-४७-५२०५९६, ५२०५१२, ५२०२४०, ५२०२५१, ५२०२४५,५२०६०८, ५२११२६
Phone No. : 977-47-520596, 520512, 520240, 520251, 520245, 520608, 521126(Ed.) ...sindhuli@gmail.com, Web Site : kamalamaimun.gov.np
Letter Pad doc

# कमलामाई नगरपालिका
KAMALAMAI MUNICIPALITY

## नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE

कमलामाई, सिन्धुली
SINDHULIMADI, SINDHULI

बागमती प्रदेश, नेपाल
BAGMATI PROVINCE, NEPAL


प.सं.:- २०७८/०७९
च.नं. :-

मितिः २०७८/११/१२

| सि.नं. | पेश गर्नु पर्ने कागजातहरू |
|---|---|
| १ | प्रस्तावना पत्र साझेदारीमा कार्य गर्न उल्लेख भएको हुनुपर्ने |
| २ | संस्था दर्ता प्रमाण पत्र, समाज कल्याण परीषद् आवद्धता, कर चुक्ता प्रमाणपत्र |
| ३ | संस्थाको विधान (उद्देश्यमा दिवा सेवा केन्द्र सञ्चालन गर्ने भनी किटानी भएको हुनुपर्ने) |
| ४ | बाल संरक्षण नीति |
| ५ | संस्थाको सुरक्षा नीति |
| ६ | खरिद कार्यविधी |
| ७ | लैंगिक नीति |
| ८ | कर्मचारी नियमावली |
| ९ | आर्थिक नियमावली |
| १० | आफ्नै घर भएको वा कोठा भाडामा लिएको प्रमाण |
| ११ | पदाधिकारीमा न्यूनतम ४ वर्गको अपाङ्गता भएका व्यक्तिहरु पदाधिकारीमा रहेको |
| १२ | अन्य संघ संस्था संगको समन्वयमा अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्य जाँच शिविर, पुर्नस्थापना र सहयोग गर्ने कार्यमा कार्य गरेको प्रमाण |
| १३ | संस्थामा न्यूनतम १ जना कर्मचारी भएको प्रमाण |

विसकसेन ढकाल
प्रमुख प्रशासकीय अधिकृत
कमलामाई नगरपालिका, सिन्धुली

प्रमुख प्रशासकिय अधिकृ

"स्वच्छ, सफा र समृद्ध शहर, हिमाल र तराईको मिलनविन्दु कमलामाई नगर"


फोन नं : ९७७-४७-५२०५९६, ५२०५१२, ५२०२४०, ५२०२५१, ५२०२४५,५२०६०८, ५२१२२६(शिक्षा) E-mail: kamalamaimun.sindhuli@gmail.com,
Phone No. : 977-47-520596, 520512, 520240, 520251, 520245, 520608, 521226(Ed.) Web Site : kamalamaimun.gov.np


Letter Pad doc